# सर्वोच्च अदालत, एकल इजलास

## सम्माननीय प्रधान न्यायाधीश श्री सुशीला कार्की

## आदेश

## ०७३-WO-०८३३

विषयः उत्प्रेषणयुक्त परमादेश।

नवराज सिलवाल ................................................................................. निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, काठमाडौंसमेत .................................. विपक्षी

यसमा के कसो भएको हो? निवेदकको मागबमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने कानूनबमोजिमको आधार र कारण भए सोसमेत साथै राखी यो आदेश प्राप्त भएको मितिले बाटाको म्याद बाहेक १० दिनभित्र महान्यायाधिवक्ताको कार्यालय मार्फत लिखित जवाफ पेस गर्नु भनी यो आदेश र रिट निवेदनको प्रतिलिपि साथै राखी विपक्षीहरुका नाममा सूचना म्याद जारी गरी लिखित जवाफ प्राप्त भएपछि वा अवधि नाघेपछि नियमानुसार गरी पेश गर्नू।

निवेदकले माग गरेको अन्तरिम आदेश सम्बन्धमा विचार गर्दा प्रहरी महानिरीक्षक पदमा बढुवाको लागि आफू उपयुक्त उम्मेदवार हुँदाहुँदै आफूभन्दा कनिष्ठ विपक्षी मध्येका जयबहादुर चन्दलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गरेको विपक्षी नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।११।१ को निर्णय प्रहरी नियमावली २०७१ को नियम ४१ र ५३ एवं यस अदालतबाट प्रतिपादित सिद्धान्त समेतको विपरीत भएकोले उक्त निर्णय उत्प्रेषणको आदेशद्वारा बदर गरी रिट निवेदकलाई वरिष्ठता कायम गरी बढुवाको निर्णय गर्नू, गराउनू भनी परमादेश समेतको मागदावी लिई प्रस्तुत रिट निवेदन दायर भएको देखिन्छ। रिट निवेदकले निवेदनपत्रमा नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।११।१ को निर्णय तत्काल कार्यान्वयन भएमा

आफूलाई अपूरणीय क्षति पुग्ने भएकोले उक्त निर्णय हाल कार्यान्वयन नगर्नू, नगराउनू भनी अन्तरिम आदेशसमेत माग गरेको अवस्था छ।

नेपाल सरकार मन्त्रिपरिषद्को उक्त निर्णय समेतलाई चुनौती दिई निवेदक अधिवक्ता कपिलदेव ढकालले सार्वजनिक सरोकारको विवादको रोहमा यस अदालतमा दायर गर्नुभएको ०७३-WO-०८३२ को रिट निवेदनमा नेपाल सरकारको उक्त मिति २०७३।११।१ को निर्णय तत्काल कार्यान्वयन नगर्नू, नगराउनू, यथास्थितिमा राख्नू, राख्न लगाउनू, नियुक्ति दिने, दिलाउने, पदबहाली गर्ने, गराउने लगायतका कुनै कार्य नगर्नू, नगराउनू भनी यस अदालतबाट मिति २०७३।११।१ मा अल्पकालिन अन्तरिम आदेश जारी भई अन्तरिम आदेश कायम रहने, नरहने सम्बन्धमा छलफलका लागि विपक्षीहरुलाई मिति २०७३।११।८ मा उपस्थित हुन सूचना जारी भइसकेको अवस्था छ। प्रस्तुत विवादसमेत सोही विषयसँग सम्बन्धित भएको देखिँदा प्रस्तुत रिट निवेदनको सम्बन्धमा समेत विपक्षी जयबहादुर चन्दलाई प्रहरी महानिरीक्षक पदमा बढुवा गर्ने गरेको नेपाल सरकार मन्त्रिपरिषद्को उक्त मिति २०७३।११।१ को निर्णय तत्काल कार्यान्वयन नगर्नू, नगराउनू, यथास्थितिमा राख्नू, राख्न लगाउनू, नियुक्ति दिने, दिलाउने, पदबहाली गर्ने, गराउने लगायतका कुनै कार्य नगर्नू, नगराउनू भनी अल्पकालिन अन्तरिम आदेश जारी गरिदिएको छ। आदेशको जानकारी विपक्षीहरुलाई दिनू।

प्रस्तुत रिट निवेदनमा जारी भएको अल्पकालिन अन्तरिम आदेश कायम रहने, नरहने भन्ने सम्बन्धमा छलफल गर्न मिति २०७३।११।८ को छलफलको पेशी तोकी उक्त छलफलमा उपस्थित हुनु भनी विपक्षीहरुलाई सूचना दिई उक्त रिट नं. ०७३-WO-०८३२ को रिट निवदेन साथ नियमानुसार पेश गर्नू।

प्रधान न्यायाधीश

इति संवत् २०७३ फागुन २ गते रोज २ शुभम् ...................................................।